राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

५ असोज, २०७७

## कोभिड-१९ तथा कैदीबन्दीको अधिकार सम्बन्धमा आयोग देशव्यापी अनुगमन गर्दै आयोगका माननीय सदस्य नेतृत्वको टोली अनुगमनका लागि प्रस्थान

कोभिड-१९ को महामारीको अवस्थामा कैदीबन्दीको स्वास्थ्यको अधिकार सम्बन्धमा आयोगले आजदेखि अनुगमन शुरु गरेको छ । आयोगका माननीय सदस्य सुदिप पाठक नेतृत्वको टोली २०७७ असोज ५ गतेदेखि २५ गतेसम्म सातै प्रदेशका विभिन्न जिल्लाको कारागार अनुगमनका लागि खटिएको छ । उक्त टोलीमा आयोगको केन्द्रीय कार्यालय र प्रदेश कार्यालयबाट सह-सचिव तथा अधिकृतहरुको सहभागिता रहने छ ।

कारागारमा रहेका कैदी बन्दीहरुको आधारभूत अधिकार सहित बाँच्न पाउने अधिकार, स्वास्थ्यको अधिकारप्रति सम्वेदनशील हुन आयोगले नेपाल सरकार लगायत सम्बद्ध निकायको ध्यानाकर्षण गराँउदै आएको छ ।

सम्मानीत सर्वोच्च अदालतबाट कोभिड-१९ को महामारीको परिप्रेक्ष्यमा २०७७ वैशाख १७ गते जारी गरेको अन्तरिम आदेशमा फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा २२, २४ २५, २६, २७, २८, २९, ३०, ३१ र ४९ को व्यवस्था कार्यान्वयनमा ल्याई कारागारहरुको व्यवस्थामा सुधार गर्ने प्रयोजनका लागि ऐन बमोजिम नेपाल राजपत्रमा ७ दिन भित्र सूचना प्रकाशित गरी उल्लेखित व्यवस्था कार्यान्वयनको प्रकृया प्रारम्भ गर्न, सोही ऐनको दफा ३७ तथा कारागार नियमावली २०२० को नियम २९ बमोजिम कैद सजाय छुट्हुन सक्ने व्यवस्थालाई विना भेदभाव कार्यान्वयन गर्न भएको आदेशको कार्यान्वयन हुन समेत आयोग आग्रह गर्दछ । साथै, कैदीबन्दीको स्वास्थ्य लगायत समग्र मानव अधिकार अवस्थाको सम्बन्धमा आयोगको बागमती प्रदेश कार्यालयबाट कारागार व्यवस्थापन विभागलाई पत्राचार गरिएको छ ।

अत: आयोगको अनुगमन टोलीलाई आवश्यक सहयोग पुर्‍याई मानव अधिकारको सम्मान र संरक्षणमा सहयोग गरिदिनुहुन आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता